काठमाडौं महानगरपालिका वडा नं. ३०, ज्ञानेश्वर स्थित

कामना सेवा विकास बैंक लिमिटेडको

सत्रौं वार्षिक साधारणसभाको निर्णय तथा कार्यवाही विवरण (निर्णयको माइन्यूट)

१. **वैधानिक सभा :**

कामना सेवा विकास बैंक लिमिटेडको मिति २०८० साल, मंसिर १८ गते बसेको सञ्चालक समितिको ३६५ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम बोलाइएको सत्रौं वार्षिक साधारणसभा विकास बैंकको सञ्चालक समितिका अध्यक्ष श्री सुदिप आचार्यज्यूको अध्यक्षतामा बसी देहाय बमोजिमका प्रस्तावहरु उपर छलफल र निर्णय गरी सु-सम्पन्न भयो ।

२. **सभा बसेको मिति, स्थान र समय :**

मिति : २०८० साल पुस १७ गते मंगलबार, (तदनुसार ०२ जनवरी, २०२४)

स्थान : लिसारा रिसेप्शन, भगवती बाहाल, नक्साल, काठमाडौं

समय : बिहान ११:०० बजे

३. **सभाको सूचना प्रकाशन :**

३.१ साधारणसभा हुने मिति, स्थान, समय र सभामा छलफल हुने विषयवस्तुहरू सहितका विवरणहरू खुलाई मिति २०८० साल, मंसिर २२ गते कारोबार राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०८० साल, मंसिर २६ गते सोही पत्रिकामा गरी २ (दुई) पटक प्रकाशित गरिएको थियो ।

३.२ सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/०८० को वार्षिक आर्थिक विवरण (२०८० असार मसान्तको वासलात, आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँट हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरू) साथै, अन्य प्रस्तावका विषयवस्तुहरू सहितको वार्षिक प्रतिवेदनको पुस्तिका शेयरधनी महानुभावहरुले बैंकलाई उपलब्ध गराउनु भएको ठेगानामा पठाइएको तथा बैंकको वेबसाइटमा समेत राखी सार्वजनिक रुपले जानकारी गराइएको व्यहोरा सभा सञ्चालकले सभा समक्ष अवगत गराउनु भयो ।

४. **सभामा छलफल तथा निर्णयका लागि निर्धारित विषयहरू :**

क. सामान्य प्रस्ताव :

१. आ.व. २०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/०८० को वार्षिक वित्तीय विवरण (२०८० असार मसान्तको वासलात, आ.व. २०७९/०८० को नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँट हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।
३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८०/०८१ को लेखापरीक्षण गर्ने लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

ख. विशेष प्रस्ताव :

१. विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै थपघट, परिमार्जन वा संशोधनको निर्देशन प्राप्त भएमा सोही बमोजिम गर्ने/गराउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

दिनेश थकाली
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

सुदिप आचार्य
अध्यक्ष

२. यस कामना सेवा विकास बैंक लिमिटेड र इजाजतपत्र प्राप्त अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एकापसमा प्राप्ति र गाभ्ने वा गाभिने (Merger/Acquisition) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, उपयुक्त देखिएमा सो सम्बन्धी समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने तथा सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्व मूल्याङ्कन (DDA) सम्बन्धी कार्य गर्ने, सोको लागि लेखापरीक्षक नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने लगायतका आवश्यक सम्पूर्ण कार्यहरु गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी दिने ।

ग. विविध :

५. उपस्थिति :

५.१ सञ्चालकहरूको (कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार) उपस्थिति :

क.	श्री सुदिप आचार्य	अध्यक्ष
ख.	श्री भिम प्रसाद तुलाचन	सञ्चालक
ग.	श्री चतुराखर अधिकारी	सञ्चालक
घ.	श्री बलराम बराल	सञ्चालक
ङ.	श्री विश्वेश्वर सुवेदी	सञ्चालक
च.	श्री सीता घिमिरे	सञ्चालक

५.२ पदाधिकारीहरुको उपस्थिति :

क) श्री दिनेश थकाली	प्रमुख कार्यकारी अधिकृत
ख) श्री विनय दाहाल	नायव प्रमुख कार्यकारी अधिकृत
ग) श्री विकास ढुंगाना	सहायक महाप्रबन्धक
घ) श्री विष्णु प्रसाद ओस्ती	प्रमुख प्रवन्धक
ङ) श्री डण्डपानी भट्टराई	प्रबन्धक (सभा सञ्चालक)
च) श्री विकास अधिकारी	नायव प्रबन्धक
छ) श्री निरञ्जन भण्डारी	नायव प्रबन्धक
ज) श्री सुनिल पाण्डे	नायव प्रबन्धक
झ) श्री विधान कोईराला	सहायक प्रवन्धक

५.३ शेयरधनीहरुको उपस्थिति :

क्र.सं.	विवरण	संख्या
१.	स्वयं उपस्थित हुने शेयरधनीको संख्या	४२१
२.	प्रतिनिधि मार्फत उपस्थित हुने शेयरधनीको संख्या	३९५

दिनेश थकाली
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

सुदिप आचार्य
अध्यक्ष

६. **गणपूरक संख्या :**

कम्पनीको कुल शेयरधनी संख्या ४७,८३१ (सतचालिस हजार आठ सय एकतिस) रहेकोमा स्वयं उपस्थित हुने शेयरधनीको संख्या ४२१ र प्रतिनिधि मार्फत उपस्थित हुने शेयरधनीको संख्या ३९५ गरी कुल ८१६ जना शेयरधनीहरुको उपस्थिति रहेको सभामा निम्न बमोजिम उपस्थिति रह्यो ।

कुल शेयर संख्या	स्वयं उपस्थित शेयरधनी संख्या	प्रतिनिधिद्वारा उपस्थित शेयरधनी संख्या	जम्मा उपस्थित शेयरधनी संख्या	उपस्थित कुल शेयर संख्या	बाँडफाँट भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत
३,२८,११,६४७.३५	४२१	३९५	८१६	१,७१,६९,४९५.००	५२.३३

७. **गणपूरक संख्या एवम् वैधानिकता :**

७.१ सभाको प्रारम्भमा कानून विभाग प्रमुख तथा सभा सञ्चालक श्री डण्डपानी भट्टराईले यस साधारणसभा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा बैंकको नियमावली बमोजिम कम्पनीको सत्रौं वार्षिक साधारणसभा बोलाईएको र यस सभामा विकास बैंकको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लि. का प्रतिनिधिले दिनु भएको जानकारी अनुसार शेयरधनी महानुभावहरुको प्रतिनिधित्व तथा उपस्थितिबाट कम्पनी ऐन, २०६३ को दफा ६९, दफा ७३ तथा विकास बैंकको नियमावली बमोजिम सभाको लागि आवश्यक गणपूरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ को दफा ६७ (४) बमोजिम तोकिएको स्थानमा नै गरिएको हुँदा प्रचलित कानून अनुसार सत्रौं वार्षिक साधारणसभा बैधानिक रहेको घोषणा गर्नु भयो ।

७.२ तत्पश्चात् कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार गणपूरक संख्या पुगेको सभाले मञ्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषय सूचीको क्रमानुसार जान र तत् सम्बन्धमा विकास बैंकको स्वीकृत नियमावली तथा प्रचलित ऐन कानून बमोजिम कार्यवाही अगाडि बढाउन सभाले अनुमति प्रदान गर्‍यो ।

८. **सभाको अध्यक्षता, आसन ग्रहण र सभा सञ्चालन :**

गणपूरक संख्या पुगेको र साधारणसभा वैधानिक रहेकोले सभाको कार्यक्रम संचालनकर्ता समेत रहनु भएका कानून विभाग प्रमुख श्री डण्डपानी भट्टराईले कम्पनी ऐन, २०६३ को दफा ७४ (१) तथा विकास बैंकको नियमावलीको नियम ६ (१) बमोजिम साधारणसभाको अध्यक्षता गरीदिनु हुन सञ्चालक समितिका अध्यक्ष श्री सुदिप आचार्यज्यूलाई अनुरोध गर्नु भए बमोजिम अध्यक्षज्यूले सभाको अध्यक्षता ग्रहण गर्नु भयो । तत्पश्चात् बैंकका सञ्चालकज्यूहरु, पूर्व अध्यक्ष तथा सञ्चालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, नायव प्रमुख कार्यकारी अधिकृतज्यू, नियामक निकायका प्रतिनिधिज्यूरु, शेयरधनी महानुभावहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई आसन ग्रहण गराउनु भयो ।

९. **स्वागत मन्तव्य :**

प्रगतिको आधार कामना सेवासँग कारोबार भन्ने नाराका साथ यस विकास बैंकको सत्रौं वार्षिक साधारणसभाका अध्यक्ष ज्यू, सञ्चालक ज्यूहरु, बैंकका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएका पूर्व अध्यक्ष ज्यू, पूर्व सञ्चालक ज्यूहरु, प्रमुख कार्यकारी अधिकृत ज्यू, सबै कर्मचारी मित्रहरु तथा आफ्नो कार्य व्यस्तताका बावजुद पनि बैंकको सभालाई सफल बनाउनको लागि सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आमन्त्रित अतिथि लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई सञ्चालक समितिको तर्फबाट सञ्चालक श्री भिम प्रसाद तुलाचनज्यूले हार्दिक स्वागत गर्दै आफ्नो स्वागत मन्तव्य राख्नुभयो ।

दिनेश थकाली
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

सुदिप आचार्य
अध्यक्ष

१०. वार्षिक साधारणसभाको औपचारिक उद्घाटन :

सत्रौं वार्षिक साधारणसभाको औपचारिक उद्घाटन सभाका अध्यक्ष श्री सुदिप आचार्यज्यूले पानसमा दिप प्रज्वलन गरी गर्नुभयो । साथै, सभाको उद्घाटन लगत्तै राष्ट्र, राष्ट्रियता र राष्ट्रिय एकताप्रति एकताभाव प्रकट गर्दै राष्ट्रिय एकताको लागि राष्ट्रिय गान श्रवण तथा गायनको कार्यक्रम रहेकोले उक्त कार्यमा सम्पूर्ण सहभागी भई राष्ट्र र राष्ट्रियता प्रति समर्पणभाव प्रकट गरिएको थियो ।

११. सभा सञ्चालनको अनुमति :

सभाको कार्यवाही अगाडि बढाउन अध्यक्षज्यू समक्ष सभाको कार्यक्रम संचालनकर्ताद्वारा अनुमति माग भएकोमा सभाका अध्यज्यूले सभाको कार्यवाही अगाडि बढाउन अनुमति प्रदान गर्नु भयो ।

१२. अध्यक्षज्यूको लिखित मन्तव्य तथा सञ्चालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुतीकरण ।

सभा अध्यक्षज्यूको अनुमति अनुसार सभाको कार्यवाहीलाई अगाडि बढाउने क्रममा सभा सञ्चालकले अध्यक्षज्यूको लिखित मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गर्नु भएअनुसार अध्यक्षज्यूले आफ्नो लिखित मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गरी छलफलको लागि सहभागी हुन शेयरधनी महानुभावहरुलाई आग्रह गर्नुभयो ।

१२.१ मन्तव्य, जिज्ञासा, प्रश्न तथा सुझावहरु सहित छलफलका लागि आह्वान :

कार्यक्रम सञ्चालकले सभा समक्ष अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको सञ्चालक समितिको प्रतिवेदन तथा प्रस्तावहरु उपर छलफलको लागि आह्वान गर्नुभए पश्चात् निम्न लिखित शेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा, प्रश्न तथा सुभावहरु सभामा प्रस्तुत गर्नु भयो ।

क. श्री अमिर दास रंन्जीत

ख. श्री शत्रुधन श्रेष्ठ

ग. श्री नरसिंह लाल चाँखु

घ. श्री कृष्ण प्रसाद अधिकारी

ङ. श्री ब्रम्हदेव शाक्य

च. श्री बैजुनाथ रौनियार

छ. श्री उत्तम दत्त पाण्डे

ज. श्री सुदिप श्रेष्ठ

झ. श्री चन्द्र नारायण श्रेष्ठ

ञ. श्री ध्रुव राज न्यौपाने

ट. श्री उत्सव सुन्दर श्रेष्ठ

ठ. श्री अग्नीधर पराजुली

ड. श्री लभराज जोशी

....
दिनेश थकाली
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

....
सुदिप आचार्य
अध्यक्ष

छलफलका क्रममा सहभागी शेयरधनी वक्ताहरुले सभामा राख्नु भएका राय, सुझाव तथा जिज्ञासा सहितको मुख्य मुख्य विषयहरुको सारसंक्षेप:

श्री अमिर दास रञ्जीत :

१. वितरण योग्य मुनाफा घटेको र लाभांस वितरण नगर्ने प्रस्ताव गर्दा शेयरधनीहरुको मन खल्लो भएको तर्फ सञ्चालक समितिको विशेष ध्यानाकर्षण गराउनुभयो ।

२. विस्तृत तथा पारदर्शी वार्षिक प्रतिवेदन प्रदान गर्नु भएकोमा धन्यवाद व्यक्त गर्नुभयो । आगामी वर्षहरुमा शेयरधनीहरुलाई नेपाली भाषामा संक्षिप्त प्रतिवेदन समेत उपलब्ध गराउनको लागि सुझाव दिनुभयो ।

३. बैंकले शाखा विस्तारमा ध्यान केन्द्रित गर्नुभन्दा स्थापित शाखाहरुको व्यापार वृद्धि तथा दक्षता अभिवृद्धिमा ध्यान केन्द्रित गर्नुपर्ने बारे सुझाव दिनुभयो ।

४. आ. व. २०८०/८१ को दोश्रो त्रैमाससम्म बैंकको प्रगति तथा वास्तविक अवस्थाको बारेमा प्रकाश पारीदिनुहुन अनुरोध गर्नुभयो ।

श्री शत्रुधन श्रेष्ठ :

१. हाल बैंक तथा वित्तीय संस्थाहरु उपर बजारमा फैलाईएको नकरात्मक तथा भ्रमात्मक खबरहरुका कारण निष्कृय कर्जा बढेको कारण बैंकको मुनाफामा असर परेको हुँदा यस वर्ष लाभांस वितरण गर्न असफल भएतापनि बैंकले आगामी वर्षहरुमा उत्कृष्ट प्रतिफल प्रदान गर्नेछ भन्ने कुरामा विश्वस्त रहेको बताउनु भयो ।

२. बैंकको पहुच नपुगेको जिल्लाहरुमा नयाँ शाखाहरु विस्तार गरी निक्षेप र कर्जा वृद्धिमा विशेष ध्यान दिई व्यापार वृद्धि तथा आर्थिक प्रगति तर्फ विशेष ध्यान दिन सुझाव दिनुभयो ।

३. बैंक व्यवस्थापनद्वारा खराब कर्जा असुलउपर प्रक्रियालाई प्रभावकारी रुपमा अघि बढाई निष्कृय कर्जा व्यवस्थापन गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।

४. बैंकहरु बिच बढ्दो प्रतिस्पर्धालाई मध्यनजर गर्दै ग्राहकमूखि सेवा सुविधाको विस्तार गरी ग्राहकहरुलाई प्रदान गरिने सेवाहरुको गुणस्तर वृद्धिमा ध्यान केन्द्रित गर्नुपर्ने सुझाव दिनुभयो ।

५. बैंकको सञ्चालक समिति, उच्च व्यवस्थापनमा रहेका कर्मचारीहरु तथा बैंकका अन्य कर्मचारीहरु बिच सुमधुर सम्बन्ध कायम राखि बैंकको संस्थागत सुशासन बलियो बनाउन सुझाव दिनुभयो ।

६. देशमा रहेको नयाँ युगका युवा वर्गहरुलाई लक्षित गरी युवाहरुको सिप र नयाँ प्रविधिको उच्च मूल्याङ्कन गरी सहुलियत दरमा कर्जा प्रवाह गरी आजको शिक्षित र दक्ष युवाहरुलाई विदेश पलायन हुनबाट रोक्ने तर्फ विशेष ध्यान दिन अनुरोध गर्नुभयो ।

श्री नरसिंह लाल चाँखु :

बैंकको सत्रौं वार्षिक साधारणसभामा उपस्थित भई बैंकका शेयरधनी श्री नरसिंह लाल चाँखु ज्यूद्वारा निम्न बमोजिम लिखित सुझाव पेश गर्नुभयो ।

१. बैंकद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन एवम् वासलात विवरणको विश्लेषण गर्दा बैंकको व्यवसायको अवस्थामा प्रगति सन्तोषजनक रहेको, विभिन्न शीर्षकहरुमा प्रोभिजन गर्नुपरेको र इम्पेरमेण्ट खर्च वृद्धि भएको कारण यस वर्ष लाभांस वितरण गर्न नसकेको भएतापनि आगामी दिनमा उच्च प्रतिफल पाउने आशा सहित बैंकको उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्नुभयो ।

....
दिनेश थकाली
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

....
सुदिप आचार्य
अध्यक्ष

२. बैंक व्यवस्थापनद्वारा व्यवसाय पोर्टफोलियो तथा व्यवसाय वृद्धिमा सुधार गर्न, आम्दानीका स्रोतलाई मजबुत बनाउन, स्रोत व्यवस्थापन तथा परिचालनमा विशेष ध्यान दिन, विभागीय प्रमुखहरुको काम कारवाही चुस्त बनाएर प्रभावकारी व्यवस्थापन प्रणालीमा जोड दिन, खराब कर्जा असुलउपर गर्न विशेष ध्यान दिई, जोखिम मूल्याङ्कन, मापन तथा जोखिम न्यूनीकरण तर्फ सचेत एवम् चुस्त हुनुपर्ने सुझाव दिनुभयो ।

श्री कृष्ण प्रसाद अधिकारी :

बैंकको सत्रौं वार्षिक साधारणसभामा उपस्थित भई बैंकका शेयरधनी श्री कृष्ण प्रसाद अधिकारी ज्यूद्वारा निम्न बमोजिम लिखित सुझाव पेश गर्नुभयो ।

१. बैंकद्वारा समयमै साधारणसभा आयोजना गर्नुभएकोमा बैंक व्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्नु भयो ।
२. बैंकद्वारा वार्षिक प्रतिवेदनमा पेश गरिएको SWOT विश्लेषण र PESTEL विश्लेषण मनन् गर्न लायक रहेकोले बैंक व्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्नु भयो ।
३. बैंकले आफ्नो संस्थाको ०.५ प्रतिशतभन्दा बढी अंश हुने शेरधनीहरुको विवरणमा शेयरधनी समूह उल्लेख गर्न सुझाव दिनुभयो र आर्थिक सुस्तिबाट मुक्ति पाओस् र दिन दुगुना रात चौगुना प्रगतिको कामना व्यक्त गर्नुभयो ।

श्री ब्रम्हदेव शाक्य :

१. नेपाल राष्ट्र बैंकद्वारा पछिल्लो पटक सार्वजनिक गरिएको मौद्रिक नीतिको समीक्षा गर्दा नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको कसिलो आर्थिक नीतिहरुलाई खुकुलो बनाइएको हुँदा तरलताको समस्या समाधान हुने तथा ब्याज दरमा कमी आएको कारण आगामी दिनहरुमा कर्जाको माग बढेर व्यापार व्यवसायमा वृद्धि भई बैंकका शेयरधनीहरुले आगामी वर्षहरुमा आकर्षक प्रतिकल पाउने आशा आफूले गरेको बताउनु भयो ।
२. बैंकको सञ्चालक समितिको यातायात तथा पत्रपत्रिका खर्च बारे थप प्रकास पारिदिनुहुन अनुरोध गर्नुभयो ।

श्री बैजुनाथ रौनियार :

१. बैंकको पूँजीकोष अनुपात नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको एकीकृत निर्देशनमा उल्लेख गरिएको न्यूनतम पूँजीकोष अनुपातभन्दा बढी रहेको कारण आगामी वर्षमा राम्रो प्रतिफल पाउने आशा रहेको बारे जानकारी प्रदान गर्नुभयो ।
२. बैंक व्यवस्थापनद्वारा यस आर्थिक वर्षमा १८ वटा खराब कर्जाहरु अपलेखन गरेको प्रतिवेदनमा देखियो । अपलेखन गरिएका कर्जा रकम असुलउपरमा पनि ध्यान केन्द्रित गर्न सुझाव दिनुभयो ।
३. पर्सा जिल्ला स्थित वीरगञ्ज, सिर्सिया वडा नं. २५ स्थित टुहुरा बालबालिकाहरुको उद्धारका लागि स्थापित मानव सेवा आश्रमलाई बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग गर्नु भएमा सामाजिक उत्तरदायित्वको सार्थकता हुने बताउनु भयो ।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

दिनेश थकाली
कम्पनी सचिव

सुदिप आचार्य
अध्यक्ष

श्री उत्तम दत्त पाण्डे :

१. बैंकको साधारणसभाको विशेष प्रस्ताव अन्तर्गत रहेको मर्जरको प्रस्तावको सन्दर्भमा मर्जर भएका बैंकहरुले हाल राम्रो प्रतिफल दिन असफल रहेको, मर्जर भएका बैंकका कर्मचारीहरु बिच मनमुटाव तथा भेदभावको भावना सृजना भएको छनक देखिएको हुँदा बैंकलाई नकारात्मक असर पर्न सक्ने भएको हुनाले मर्जरबारे सञ्चालक समितिले गहन रुपमा विचार गर्नुपर्ने सुझाव दिनुभयो ।

२. नियमकारी निकायहरुद्वारा बैंकहरु बिच मर्जर गर्दा लाभकरमा छुट प्रदान गरिने प्रतिबद्धता बमोजिम कर छुट प्रदान नगरिएको तथा बैंकको निष्कृय कर्जा वृद्धि भएको कारण लाभांस वितरण गर्न नसक्ने अवस्था सृजना भएकोमा खराब कर्जा असुलउपरमा विशेष ध्यान दिन सुझाव दिनुभयो ।

श्री सुदिप श्रेष्ठ :

१. राष्ट्रिय स्तरको विकास बैंकको रुपमा सञ्चालनमा रहेको यस कामना सेवा विकास बैंकले आफ्ना ग्राहकहरुलाई अनलाईन खाता खोल्ने देखि लिएर विभिन्न डिजिटल बैंकिङका नवीनतम प्रविधिहरुलाई प्रयोगमा ल्याई आफ्नो कार्यक्षेत्रलाई चुस्त रुपमा अघि बढाएकोमा खुसी व्यक्त गर्नुभयो ।

२. पछिल्लो आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षको खुद मुनाफा कम रहेको भएतापनि इम्पेरमेण्ट खर्च कम गर्नमा यस बैंक दोश्रो स्थानमा रहन सफल भएको र आगामी वर्षमा दोहोरो अंकको प्रतिफल वितरण गर्न सकोस भन्ने सफलताको कामना गर्नुभयो ।

श्री चन्द्र नारायण श्रेष्ठ :

१. बैंकका लगानीकर्ता तथा शेयरधनीहरुद्वारा लगानीको प्रतिफलको आशा गर्नु जायज भएतापनि यस पटक केही बाह्य कारणहरुले गर्दा बैंकले लाभांश दिन असफल रहेको कुरा सम्पूर्ण शेयरधनीहरुले बुझिदिनुहुन अनुरोध गर्नुभयो ।

२. बैंकले जारी गरेको ऋणपत्रलाई निर्धारित समयावधिभित्र फिर्ता भुक्तानी गर्नका लागि ऋणपत्र भुक्तानी जगेडा कोषमा दामासाहीका दरले वार्षिक रुपमा रकम जम्मा गर्दै जानुपर्ने व्यवस्था बमोजिम हाल सम्म कुनै रकम जम्मा भएको नदेखिएको हुँदा आगामी वर्ष देखि ऋणपत्र भुक्तानी जगेडा कोषमा सो व्यवस्था बमोजिम रकम जम्मा गर्न सुझाव दिनुभयो ।

श्री ध्रुव राज न्यौपाने :

१. वर्षै पिच्छे बैंकको लाभांसको दरमा गिरावट आएको तथा गत वर्षहरुको भन्दा यस वर्ष बैंकका सूचकहरुमा गिरावट आएको सम्वन्धमा चित्त बुझ्नेगरी प्रष्ट पार्नको लागि बैंकको अध्यक्ष ज्यूलाई अनुरोध गर्नुभयो ।

२. साधारणसभाको छलफलका विषयहरु वार्षिक प्रतिवेदनको अग्र भागमा राख्ने प्रचलन रहेको तथा शेयधनीहरुको ध्यान सर्वप्रथम साधारणसभाको छलफलका विषयहरुमा केन्द्रित हुने भएको हुनाले आउँदो वर्षहरुमा सभाको छलफलका विषयहरु प्रतिवेदनको अग्र भागमा समावेश गर्न सुझाव दिनुभयो ।

दिनेश थकाली
कम्पनी सचिव

सुदिप आचार्य
अध्यक्ष

३. बैंकका केही शाखा कार्यालयहरु सम्बन्धी केही नकारात्मक समाचारहरु मिडियामा आएको हुँदा भविष्यमा यस्ता परिस्थितिहरु सृजना हुन नदिन शाखा प्रबन्धकहरुको कार्य दक्षता तथा गुणस्तरमा विशेष ध्यान दिन तथा बैंकका सबै कर्मचारीहरुको दक्षता अभिवृद्धिमा विशेष ध्यान दिन सुझाव दिनुभयो ।

४. आगामी वर्ष बैंकको व्यवसाय वृद्धि तथा खराब कर्जा असुलीमा व्यवस्थापनद्वारा के कस्ता रणनीतिहरु अपनाइएको छ सो सम्बन्धमा प्रकास पारिदिनु हुन अनुरोध गर्नुभयो ।

५. बैंकको आन्तरिक नियन्त्रण प्रणालीमा के कस्ता खराबी छन् भन्ने विषयमा अध्ययन गर्न र आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाउन आवश्यक कदम चाल्न सुझाव दिनुभयो ।

६. बैंकको शाखा कार्यालयहरुको संख्या बढी भएको हुनाले शाखा कार्यालयहरुको अनुगमन तथा मूल्याङ्कन गरी शाखा कार्यालयहरु एक आपसमा गाभी संख्या घटाउन सुझाव दिनुभयो र आगामी वर्षमा न्यूनतम दश प्रतिशत प्रतिफल दिन बैंक सक्षम होस् भन्ने कामना व्यक्त गर्नुभयो ।

श्री उत्सव सुन्दर श्रेष्ठ :

१. बैंकद्वारा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्दा गरीब र असहाय व्यक्ति तथा त्यस्ता व्यक्तिहरुलाई सहयोग गर्ने संस्थाहरुलाई विशेष ध्यान दिई संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्न सुझाव दिनुभयो ।

२. समितिको कार्य अवधि अगावै कुनै सञ्चालकले राजीनामा दिएको खण्डमा सो सम्बन्धमा वार्षिक साधारणसभामा जानकारी गराउदा राम्रो हुने सुझाव दिनु भयो ।

३. बैंकद्वारा लेखापरीक्षण समितिका सदस्य सचिवलाई भत्ता प्रदान गरिएको बारे चासो व्यक्त गर्नु भयो ।

४. बैंकद्वारा अपलेखन गरिएका कर्जाहरु असुलउपरमा कुनै प्रगति नदेखिएको हुँदा सो सम्बन्धमा संस्था तथा संस्थामा कार्यरत कर्मचारीहरु दुबै प्रति प्रश्न उठेको हुँदा यस्ता कर्जा असुलीमा विशेष प्राथमिकता दिनु पर्ने सुझाव दिनु भयो ।

श्री अग्नीधर पराजुली :

१. बैंकका अध्यक्षज्यूको मन्तव्यमा बैंकको सबै सूचकहरुमा सुधार आएको भनि उल्लेख भएतापनि वार्षिक प्रतिवेदनमा हेर्दा भने विश्वास गर्न सकिने अवस्था नदेखिएको हुँदा आफूलाई चित्त नबुझेको बताउनु भयो ।

२. बैंकले कर्मचारीको लागि ठूलो रकम खर्च गरेको देखिन्छ । कर्मचारीलाई सेवा सुविधा दिनु पर्दछ, कर्मचारीको चित्त नबुझाई हामी लगानीकर्ताले प्रतिफलको आशा गर्नु पनि हुँदैन । तर खर्च अनुसार कर्मचारीको कार्य सम्पादन र बैंकको प्रगति पनि भएको हुनु पर्दछ । तसर्थ खर्च अनुसारको प्रतिफल नआएकोले कर्मचारीहरुलाई त्यस तर्फ ध्यान केन्द्रित गरेर काम गर्न सुझाव दिनुभयो ।

श्री लभराज जोशी :

१. बैंकको वार्षिक साधारणसभा भनेको शेयरधनीहरुको सभा र पर्व भएको हुनाले सो पर्वमा सम्पूर्ण शेयरधनीहरुले उच्च प्रतिफलको अपेक्षा राखेका हुन्छन् । तर, गत वर्षको न्यूनतम लाभांस दरको तुलनामा यस वर्ष प्रतिफल दिन असफल भएकोमा बैंकले आफ्नो लक्ष्य निर्धारण गर्नमा केही कमीकमजोरी भएको हो कि भन्ने कुरामा ध्यानाकर्षण गराउनु भयो ।

दिनेश थकाली
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

सुदिप आचार्य
अध्यक्ष

२. समितिको बैठक खर्चको सन्दर्भमा यस बैंकको लेखापरीक्षण समितिको बैठक १३ पटक बसेको बारे वार्षिक प्रतिवेदनमा उल्लेख भएकोमा अरु बैंकको तुलनामा सो बैठकको संख्या बढी भएको हो कि भन्ने आफूलाई महसुस भएको बताउनु भयो ।

३. बैंकका सञ्चालक समिति लगायत बैंक व्यवस्थापनले बैंकको खर्च न्यूनीकरण गर्ने तर्फ ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।

४. बैंकको १३४ वटा शाखा कार्यालयहरु सञ्चालनमा रहेकोमा कुन शाखा कार्यालय के कति नाफा/घाटामा छ र शाखा कार्यालयहरुलाई कसरी नाफामा लैजाने भन्ने कुराको उचित अनुगमन र योजनाहरु बनाई कार्यान्वयनमा ल्याउन सुझाव दिनुभयो ।

५. शेयरधनीहरुद्वारा प्रदान गरिएका सुझावहरुको विश्लेषण गरी नवीनतम विचारका साथ क्रियासील भई आन्तरिक नीतिहरु निर्माण गरी बैंकलाई फलदायी बनाउन अनुरोध गर्नुभयो ।

१२.२ सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको जवाफ :

वार्षिक साधारणसभामा शेयरधनीमहानुभावहरुले उठाउनु भएका प्रश्न, जिज्ञासा र सुझाव उपर बैंकका अध्यक्ष श्री सुदिप आचार्यज्यू तथा प्रमुख कार्यकारी अधिकृत श्री दिनेश थकालीज्यूले दिनु भएको समष्टिगत जवाफको सारांश :

विकास बैंकको सत्रौं वार्षिक साधारणसभा सफल बनाउनको लागि पाल्नु भएका आदरणीय शेयरधनी महानुभावहरु, विभिन्न संस्थाहरुबाट आमन्त्रित प्रतिनिधिहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई गरिमामय उपस्थितिको लागि बैंक परिवारको तर्फबाट कृतज्ञता प्रकट गर्दै धन्यवाद व्यक्त गर्नु भयो । शेयरधनी महानुभावहरुले बैंकको सर्वोपरि हितको लागि राख्नुभएको राय, सुझाव, जिज्ञासा र प्रश्नहरु बैंकको चासो र मार्गदर्शनको रुपमा रहेकोले बैंक यसलाई सिरोधार्य गरी अगाडि बढ्न प्रतिवद्ध रहेको कुरा सभा समक्ष जानकारी गराउनु हुँदै अधिकांश वक्ताहरुको भनाई र चासोको विषय प्रतिफल (लाभांश) बढाउनु पर्ने, खराब कर्जा घटाउनु पर्ने, शाखा कार्यालयहरुको संख्या घटाउनु पर्ने, साधारणसभा समयमा गर्नु पर्ने, बैंकको खर्च घटाउनु पर्ने, बैंकको सूचकहरुमा सुधार ल्याउनुपर्ने र आन्तरिक नियन्त्रण प्रणालीमा विशेष ध्यान दिनुपर्ने रहेकोले उपरोक्त विषयहरुलाई आगामी वर्षहरुमा संबोधन हुने गरी काम गर्न सञ्चालक समिति प्रतिवद्ध रहेको जानकारी गराउनु हुदै बैंक संचालन सम्बन्धी विषयमा उठेका प्रश्न र जिज्ञासा सम्बन्धी प्रष्ट पार्न प्रमुख कार्यकारी अधिकृत श्री दिनेश थकालीज्यूलाई अनुरोध गर्नु भएकोमा बुँदागत रुपमा निम्न अनुसार प्रष्ट पार्नु भयो ।

१) आर्थिक वर्ष २०७९/८० मा यस बैंकद्वारा लाभांस वितरण गर्न नसकेकोमा सबै शेयरधनी महानुभावहरुको मुख्य गुनासो रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा बैंक व्यवस्थापन अझै जिम्मेवारबोध भएर काम कारवाहि अघि बढाई रहेको तथा आगामी वर्षमा यस बैंकका शेयरधनी महानुभावहरुलाई उच्च प्रतिफल प्रदान गर्ने लक्ष्यका साथ काम कारवाही अघि बढाईरहेको प्रतिवद्धता व्यक्त गर्नु भयो ।

२) अघिल्लो वर्षको तुलनामा यस वर्ष बैंकको निष्कृय कर्जा वृद्धि भएको देखिएको बारे शेयरधनी महानुभावहरुद्वारा चिन्ता व्यक्त गर्नु भएकोमा हाल बैंकको मुख्य रणनीति नै निष्कृय कर्जा न्यूनीकरण गर्ने रहेको र बैंक व्यवस्थापनद्वारा हरेक क्षेत्रका शाखा कार्यालयहरुमा रहेका खराब कर्जाहरुलाई व्यक्तिगत खाता अनुसार निगरानी गरी सोही बमोजिम कर्जा असुलउपरको प्रक्रिया अघि बढाउन कर्मचारीहरु परिचालन गरी कामकारवाहि अघि बढाइरहेको व्यहोरा सभा समक्ष जानकारी गराउनु भयो । साथै, हाल देशको अर्थतन्त्र तथा बजारको अवस्थाको परिपेक्षमा बैंकको मुख्य रणनीति खराब कर्जा असुलउपर गर्ने भएतापनि बैंकको व्यवसाय वृद्धिको कार्यलाई पनि सन्तुलित तवरले अघि बढाउदै लैजाने रणनीति लिएको बताउनु भयो ।

दिनेश थकाली
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

सुदिप आचार्य
अध्यक्ष

३) यस वर्ष बैंकको अवस्था बारे शेयरधनी महानुभावहरुद्वारा जिज्ञासा व्यक्त गर्नु भएकोमा बैंकद्वारा प्रकाशित यस आर्थिक वर्षको पहिलो त्रैमासिक प्रतिवेदन बमोजिम यस बैंकको अघिल्लो वर्षको पहिलो त्रैमासिक प्रतिवेदनको तुलनामा इम्पेरमेन्ट खर्च १६ करोडले घटेको तथा हाल सञ्चालनमा रहेका राष्ट्रिय स्तरका विकास बैंकहरुको तुलनामा इम्पेरमेन्ट खर्च कम गर्नेमा हामी दोश्रो स्थानमा रहेको, खुद मुनाफाको सन्दर्भमा सम्पूर्ण राष्ट्रिय स्तरका विकास बैंकहरुको तुलनामा पहिलो त्रैमासमा नाफा वृद्धि दरको हिसाबले पहिलो स्थानमा रहन सफल भएको र समग्र रुपमा दोश्रो स्थानमा रहन सफल रहेको बारे सभा समक्ष जानकारी गराउनु भयो ।

४) शेयरधनी महानुभावहरुद्वारा कर्मचारी तथा सञ्चालक समितिको खर्च बारे जिज्ञासा व्यक्त गर्नु भएकोमा कर्मचारी खर्च तर्फ सम्पूर्ण राष्ट्रिय स्तरका विकास बैंकहरुको तुलनामा यस बैंकको प्रति कर्मचारी खर्च सबैभन्दा न्यूनतम रहेको, बजारमा बढ्दो महंगाईको बाबजुत सामान्य तलब वृद्धि पनि नगरी, न्यूनतम कर्मचारीहरु परीचालन गरी कसरी कुशलतापूर्वक कार्य सम्पादन गर्न सकिन्छ भन्ने बारे विश्लेषण गरी खर्च न्यूनीकरण गरिएको बारे सभा समक्ष जानकारी गराउनु भयो । साथै, सञ्चालक समितिको बैठक भत्ता, यातायात तथा पत्रपत्रिका खर्च तर्फ सञ्चालक समितिको सम्पूर्ण खर्चहरु बैंकको नियमावली तथा नीति नियमको परिधिमा रही खर्च गरिएको र अन्य राष्ट्रिय स्तरको विकास बैंकहरुको तुलनामा बढी नरहेको बारे सभामा जानकारी गराउनु भयो । यसै गरी बैंक व्यवस्थापनद्वारा हरेक दृष्टिकोणबाट संस्थाको खर्च न्यूनीकरण गर्न हर सम्भव् प्रयत्नरत रहने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो ।

५) यस बैंकको शाखा कार्यालयहरुको संख्या बढी भएको तथा शाखा कार्यालयहरु घटाउनु पर्ने सुझाव प्राप्त भएकोमा कोभिड १९ को महामारी अगाडि यस बैंकले व्यापार वृद्धिमा जुन किसिमको लक्ष्य लिई गति प्राप्त गर्दै अघि बढेको अवस्था थियो, सो समयमा बजारमा यस बैंकको पहिचान तथा उपस्थिति जनाउनको निमित्त आक्रमक रुपमा शाखा बिस्तार गर्नु आवश्यक तथा उचित रणनीति रहेको जानकारी गराउनु भयो । तर विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को महामारी तथा रुस युक्रेन युद्ध आदिको कारण देशको अर्थतन्त्रमा परेको नकरात्मक प्रभाव परेकोले बैंकको व्यवसाय वृद्धिमा नकरात्मक असर परेको हुँदा सो अवस्थालाई मध्यनजर गर्दै हाल शाखा कार्यालयहरु विस्तार गर्ने कार्य निकै गहन अध्ययन गरी स्थगन गरिएको बारे सभा समक्ष जानकारी गराउनु भयो । साथै, शेयरधनी महानुभावहरुको सुझाव अनुरुप, हाल सञ्चालन रहेका यस बैंकका शाखा कार्यालयहरुको उचित अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य बैंक व्यवस्थापनबाट भई रहेको र सोको आधारमा आवश्यक सुधारात्मक कार्य अघि बढाईने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

६) बैंकको आन्तरिक नियन्त्रण प्रणालीमा विशेष ध्यान दिनुपर्ने बारे शेयरधनी महानुभावहरुबाट सुझाव प्राप्त भएकोमा आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउनको निमित्त बैंक व्यवस्थापनद्वारा आन्तरिक जोखिम व्यवस्थापन विभाग स्थापना गरी विगतका पुराना घटनाहरुलाई उदाहरणको रुपमा लिई जोखिम व्यवस्थापनलाई निकै गम्भीरतापूर्वक लिई काम कारवाही अघि बढाइएको बारे सभा समक्ष जानकारी गराउनु भयो ।

७) वार्षिक प्रतिवेदनमा खराब कर्जा अपलेखन रकम बढी देखिएकोमा सो अपलेखन गरिएका कर्जा असुलउपर गर्न बैंकद्वारा के कस्ता कार्यहरु अघि बढाईएको छ भन्ने बारे शेयरधनी महानुभावहरुद्वारा जिज्ञासा व्यक्त गर्नु भएकोमा खराब कर्जा अपलेखन गरी अगाडि बढ्न part of cleaning process रहेको र अपलेखन गरिएको रकम असुलउपरका लागि ऋणीहरुको अन्य सम्पति खोज्ने, कालोसूचीमा समावेश गर्ने, कर्जा असुली न्यायाधिकरणमा बाँकी ऋण असुली गराई पाउँ भनी निवेदन दर्ता गराउने लगायतका कर्जा असुलउपरका अन्य प्रक्रियाहरुलाई निरन्तरता दिई हर सम्भव प्रयास गरी रहेको बारे जानकारी गराउनु भयो । साथै, यस आर्थिक वर्ष २०८०/८१ को पहिलो त्रैमासको प्रतिवेदन अनुसार बैंकद्वारा गैर बैंकिङ्ग सम्पत्तिहरु बिक्री गर्ने तर्फ बैंक अग्रसर रहेको तथा अपलेखन गरिएका कर्जा रकम पनि असुलउपर भई रहेको बारे सभा समक्ष जानकारी गराउनु भयो ।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

दिनेश थकाली
कम्पनी सचिव

सुदिप आचार्य
अध्यक्ष

८) शेयरधनी महानुभावहरुले राख्नु भएका गहन सल्लाह, राय तथा सुझावहरुलाई मनन् गर्दै आफ्नो १५ वर्षको वैंकिङ् अनुभव प्रयोग गरी यस संस्थालाई सहि दिशा तर्फ लगि उच्च स्तरमा पुर्याउनु हुन्छ भन्ने सञ्चालक समितिको विश्वास रहेकोमा सो विश्वासलाई प्रमाणित गर्ने र आफ्नो अभियानमा सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरुको पनि पूर्ण साथ, सहयोग र मार्गदर्शनको अपेक्षा गर्दै धन्यवाद ज्ञापन गरी आफ्नो मन्तव्य एवं जवाफहरु अन्त्य गर्नु भयो ।

छलफल तथा जवाफको क्रम समाप्ती :

शेयरधनी महानुभावहरूले राख्नु भएको जिज्ञासा एवं सुझावहरूको सम्बन्धमा सभाका अध्यक्षज्यू र प्रमुख कार्यकारी अधिकृतज्यूले जवाफ दिनु भएपछि र अन्य शेयरधनी महानुभावहरुबाट थप जिज्ञासा प्राप्त नभएकोले कार्यक्रम सञ्चालकले छलफलका विषयवस्तुहरु समाप्त भएको जानकारी सभामा गराउनु भयो ।

प्रस्तावहरूको प्रस्तुति :

अध्यक्षज्यूको निर्देशन अनुसार सभाको कार्यक्रम सञ्चालकद्वारा काम कारबाही अगाडि बढाउने क्रममा बैंकको आर्थिक वर्ष २०७९/०८० को सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० असार मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०७९/०८० को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु एवं साधारणसभामा छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची अन्तर्गतका सम्पूर्ण प्रस्तावहरु सभा समक्ष प्रस्तुत गर्नु भयो र सभाबाट देहाय बमोजिका प्रस्तावहरु पारित तथा स्वीकृत गर्ने सर्व सम्मत निर्णय भयो ।

१३. **सभामा पेश भएका प्रस्ताव र पारित निर्णयहरु :**

क) सामान्य प्रस्ताव

सामान्य प्रस्ताव नं. १ र सो उपर निर्णय :

आ.व. २०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धी प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत भएपछि उपस्थित शेयरधनी महानुभावहरुद्वारा ध्वनि मतले सर्वसम्मत रुपमा पारित भयो । प्रस्तुत भएको सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभाले सर्वसम्मत रुपमा पारित गरेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७४(२) बमोजिम अध्यक्षज्यूले उक्त प्रस्ताव पारित भएको घोषण गर्नु भयो ।

सामान्य प्रस्ताव नं. २ र सो उपर निर्णय :

लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/०८० को वार्षिक आर्थिक विवरण (२०८० असार मसान्तको वासलात, आ.व. २०७९/०८० को नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँट हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने सम्बन्धी प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत भएपछि उपस्थित शेयरधनी महानुभावहरुद्वारा ध्वनि मतले सर्वसम्मत रुपमा पारित भयो ।

प्रस्तुत भएको सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभाले सर्वसम्मत रुपमा पारित गरेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७४(२) बमोजिम अध्यक्षज्यूले उक्त प्रस्ताव पारित भएको घोषण गर्नु भयो ।

सामान्य प्रस्ताव नं. ३ र सो उपर निर्णय :

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८०/०८१ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा आ.व. २०८०/०८१ को लागि वाह्य लेखापरीक्षकको नियुक्तिका विषयमा छलफल हुँदा कम्पनी

ऐन, २०६३ को दफा १६५ को खण्ड (घ) को प्रावधान बमोजिम लेखापरीक्षण समितिले "कम्पनीको लेखापरीक्षकको नियुक्तिको लागि सम्भावित लेखापरीक्षकको नाम सिफारिस गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका सर्तहरु निर्धारण गरी अनुमोदनको लागि साधारणसभामा पेश गर्ने" भनि उल्लेख भए बमोजिम आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक श्री बि.आर एस् न्यौपाने एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस्लाई कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम नियुक्ति गर्न योग्य देखिएको हुँदा देहाय बमोजिमका कार्य सम्पादन गर्ने गरी लेखापरीक्षकमा नियुक्त गर्ने र सो कार्यको सिलसिलामा भैपरी आउने यातायात लगायतका सम्पूर्ण खर्चहरु समेत गरी उक्त फर्मलाई एकमुष्ठ रु. ८,००,०००/- (अक्षरेपी आठ लाख मात्र) मु.अ. कर समेत पारिश्रमिक प्रदान गर्ने निर्णय ध्वनी गते सर्वसम्मत रुपमा पारित भयो । साथै, उक्त शुल्क भित्र देहायका कार्यहरु समावेश गरिएको समेत जानकारी गराइयो ।

- Statutory Audit for FY 2080/81
- Tax Audit for FY 2080/81
- Long Form Audit Report for FY 2080/81
- Certification u/s 78 of Companies Act, 2063 for FY 2080/81
- Certification as per SEBON directives for FY 2080/81

प्रस्तुत भएको सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभाले सर्वसम्मत रुपमा पारित गरेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७४(२) बमोजिम अध्यक्षज्यूले उक्त प्रस्ताव पारित भएको घोषण गर्नु भयो ।

ख) विशेष प्रस्ताव :

विशेष प्रस्ताव नं. १ र सो उपर निर्णय :

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम विकास बैंकको प्रबन्धपत्र तथा नियमावलिमा नियमनकारी निकायबाट कुनै थपघट, परिमार्जन वा संशोधनको निर्देशन प्राप्त भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने सम्बन्धी प्रस्ताव ध्वनी मतले सर्वसम्मत रुपमा पारित भयो । सो सहमतिको लागि नेपाल राष्ट्र बैंक र अभिलेखको लागि कम्पनी रजिष्ट्रारको कार्यालय पठाउने निर्णय भयो ।

प्रस्तुत भएको सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभाले सर्वसम्मत रुपमा पारित गरेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७४(२) बमोजिम अध्यक्षज्यूले उक्त प्रस्ताव पारित भएको घोषण गर्नु भयो ।

विशेष प्रस्ताव नं. २ र सो उपर निर्णय :

यस कामना सेवा विकास बैंक लिमिटेड र इजाजतपत्र प्राप्त अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एकापसमा प्राप्ति र गाभ्ने वा गाभिने (Merger/Acquisition) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, उपयुक्त देखिएमा सो सम्बन्धी समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने तथा सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्व मूल्याङ्कन (DDA) सम्बन्धी कार्य गर्न, सोको लागि लेखापरीक्षक नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने लगायत आवश्यक सम्पूर्ण कार्यहरु गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने सम्बन्धि प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत भए पश्चात् सभामा उपस्थित शेयरधनी महानुभावहरुद्वारा ध्वनी मतले सर्वसम्मत रुपमा उक्त प्रस्ताव पारित भयो ।

प्रस्तुत भएको सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभाले सर्वसम्मत रुपमा पारित गरेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७४(२) बमोजिम अध्यक्षज्यूले उक्त प्रस्ताव पारित भएको घोषण गर्नु भयो ।

दिनेश थकाली
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

सुदिप आचार्य
अध्यक्ष

ग) **विविध ।**

विषयसूचीको विविध अर्न्तगत छलफलका लागि अन्य थप विषय नभएकोले वार्षिक साधारणसभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भएबमोजिम अध्यक्ष र कम्पनी सचिवले प्रमाणित गर्ने तथा बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरी प्रतिलिपि बुझाउने व्यहोरा सभा समक्ष जानकारी गराईयो ।

१४. **धन्यवाद ज्ञापन तथा सभाको समापन:**

पूर्व निर्धारित विषयसूचीहरू उपरको छलफलको क्रम समाप्त भएकोले सभा अध्यक्ष श्री सुदिप आचार्यज्यूले बैंकिङ क्षेत्रमा देखिएका चुनौतीहरुलाई अवसरमा बदल्दै बैंकलाई राष्ट्रिय स्तरको एउटा अब्वल विकास बैंकको रुपमा स्थापित गराउन सञ्चालक समितिले हर सम्भव प्रयत्न गर्ने प्रतिवद्धता व्यक्त गर्दै बैंकको सत्रौं वार्षिक साधारणसभामा स्वयम् उपस्थित भई तथा प्रतिनिधि मार्फत उपस्थित जनाई, आफ्नो अमूल्य राय सुझाव दिई साधारणसभा सफलतापूर्वक सम्पन्न गर्न महत्वपूर्ण सहयोग गरीदिनु भएकोमा आदरणीय सम्पूर्ण शेयरधनी महानुभावहरुलाई विशेष धन्यवाद ज्ञापन गर्नु भयो ।

साथै, आगामी दिनहरुमा पनि सबैको यस्तै साथ, सहयोग, हौसला र प्रेरणा प्राप्त हुनेछ भन्ने पूर्ण विश्वास र अपेक्षा राख्दै नियामक निकायका प्रतिनिधिज्यूरु, पूर्व तथा वर्तमान सञ्चालकज्यूहरु, लेखापरीक्षकज्यू, पत्रकारज्यूहरु, शेयर रजिष्ट्रारका प्रतिनिधीज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, उपस्थित अन्य अर्तिथि तथा बैंकका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दै सत्रौं वार्षिक साधारणसभा औपचारिक रुपमा समापन भएको घोषणा गर्नुभयो ।

....
दिनेश थकाली
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

....
सुदिप आचार्य
अध्यक्ष

सभा सम्पन्न मिति : २०८० साल पुस १७ गते मंगलबार तद्नुसार जनवरी ०२, २०२४ ।